

# के हो.....













स्वर्गदूत : परमेश्वरका एक अदृश्य सन्देश वाहक। (पेज ५)

आशिष : सबै असल कुरा जो परमेश्वरले हामीलाई दिन चाहनुहुन्छ।

बाइबल : बाइबलमा तपाईं पढ्न सक्नुहुन्छ कि परमेश्वरले कसरी आफ्नो मानिसहरूको वास्ता गर्नुहुन्छ अनि उनीहरूसँग कस्तो व्यवहार गर्नुहुन्छ।

प्रभु भोज : येशूका चेलाहरूले येशूको मृत्यु र पुनरुत्थानको स्मरण रोटी एवं दाखरस खाएर गर्छन्। (पेज ४१)

क्रूस : कष्टको एक साधन जसमाथि टाँगिएर येशू आफ्नै ईच्छामा मर्नुभयो, येशूका चेलाहरूको निम्ति यो एउटा चिन्ह बन्यो। (पेज २५,५०)

चेला : येशूका चेलाहरू। (पेज १८)

ईस्टर : येशूको पुनरुत्थानको पर्व मनाउनु। यस दिन यहूदीहरूले फसलको पर्व मनाउँछन्। (पेज ३८,५४)

अनन्त जीवन : येशूसँगै जीवन जिउनु, यो परमेश्वरको उद्देश्य हो, उहाँ मृत्युमाथि विजय बन्नुभयो, अनन्त जीवन उहाँमा छ। (पेज २३,२९-३० अनि ५९)

विश्वास :परमेश्वरमाथि भरोसा राख्नु अनि उहाँको प्रतिज्ञामा भरोसा गर्नु। (पेज ५८)

क्षमाशिलता : परमेश्वरले क्षमा गर्नुहुन्छ, जबकि हामी यस योग्यका थिएनौं, जब हामी आफ्नो पापहरू स्वीकार गरेर परिवर्तन हुन्छौं उहाँले क्षमा गर्नुहुन्छ। क्षमाशिलता सम्भव छ किनकि येशूको बलिदानले हामीलाई यस योग्यको बनाउँदछ। (पेज ४८)

परमेश्वरको राज्य : जहाँ मानिसहरूले परमेश्वरको आज्ञा पालन गर्दछन् त्यहाँ परमेश्वरको राज्य हुँदछ।

पवित्र आत्मा : परमेश्वर का आत्मा जो मानिसहरूमा रहँदछ, जो येशूका चेलाहरू हुन्। (पेज ५८)

येशू : परमेश्वरका पुत्रको नाम अर्थात परमेश्वर मानिसहरूसँग।

ख्रीष्ट : अभिषिक्त राजा ''मसीहा'' (एक हिब्रू शब्द) जो ग्रीक भाषाको रूपान्तरण हो अर्थात मसीहा। (पेज ५२,५५)

प्रार्थना : धैर्य रहेर आवाज निकाली परमेश्वरसँग बात गर्नु। (पेज १८,१९,४२)

पुनरुत्थान : येशू मृत्युबाट बौरी उठ्नुभयो। एक दिन उहाँले सबै मृतकहरूलाई बौरी उठाउनुहुनेछ, अनि परमेश्वरले सबै मानिसहरूको न्याय गर्नुहुनेछ। (पेज ५३,५७)

दोस्रो आगमन : जब येशू पृथ्वीमा फेरि आउनुहुनेछ तब नया स्वर्ग र पृथ्वी हुनेछ। परमेश्वरद्वारा सबै नयाँ हुनेछ। (पेज ५७)

शैतान : जो अदृश्य स्वरुपमा छ, त्यो परमेश्वर र मानिसहरूको शत्रु हो।

पाप : ती कुराहरू हुन् जुन हामी परमेश्वरको इच्छा विरुद्ध गर्दछौं अनि हाम्रो निम्ति परमेश्वरको जे उद्देश्य छ त्यसदेखि टाडा राख्दछ। (पेज ४)

परमेश्वरका पुत्र : येशूको नाम, उहाँ परमेश्वरका पुत्र हुनुभए तापनि मानिसको स्वरुप लिएर संसारमा आउनुभयो।



## येशू ख्रीष्ट को हुनुहुन्छ?

येशू दुई हजार वर्षअघि इस्राएलमा हुनुहुन्थ्यो हामी उहाँलाई ''येशू ख्रीष्ट'' अथवा ''येशू मसीह'' भन्दछौं अर्थात उहाँ एक राजा, परमेश्वरका पुत्र हुनुहुन्छ। अर्थात ''परमेश्वर अनि मानिसका पुत्र'' जो मानिसद्वारा नै आउनुभयो। बाइबलमा येशूको जीवनको इतिहास वर्णन गरिएको छ। यो एक महान कथा हो।

## येशूको समय

हाम्रो इतिहास येशूको जन्मबाट शुरु हुँदछ। त्यस समय मानिसहरू हिंड़ेर, गधा, ऊट अथवा घोडाद्वारा यात्रा गर्दथे। तब रोमी साम्राज्य यूरोप, मध्य पूर्व अनि उत्तर अफ्रिकामा पर्दथ्यो। धेरै मानिसहरू पढ्न लेख्न जान्दैनथे। तर इस्राएलका यहूदीहरू शिक्षित थिए तिनीहरूलाई ''किताबी मानिसहरू'' भनिन्थ्यो। परमेश्वर वचनद्वारा हामीसँग बोल्नुहुन्छ अनि त्यो वचन बाइबलमा पाइन्छ। उहाँ दृश्य–अदृश्य सबै थोकका सृष्टिकर्ता हुनुहुन्छ अनि उहाँ हामीसँग मित्रता राख्न चाहनुहुन्छ। येशूले हामीलाई यो स्पष्ट देखाउनुभएको छ।



## येशूको जन्म

येशूकी आमा मरियमको विवाह भएको थिएन। जब येशूको जन्म भयो त्यस समय मरियम कुँवारी थिइन्। तर येशूको जन्मको योजना परमेश्वरले बनाउनुभयो। येशूको जन्मको विषयमा बाइबलमा पहिले नै लेखिएको थियो।


येशू कुनै महान् व्यक्ति वा अलग स्वरूपमा जन्म लिनुभएन। तर उहाँको जन्म गाईको गोठमा भयो।

## येशूद्वारा आश्चर्यकर्महरू

येशूले धेरै आश्चर्यकर्महरू गर्नुभयो। बाइबलमा ४० भन्दाअधिक आश्चर्यकर्महरू उल्लेख गरिएको छ। उक्त आश्चर्यकर्महरूद्वारा येशूले मानिसहरूलाई परमेश्वरको शक्ति र प्रेमको अनुभव गराउनुहुन्छ। येशूले मानिसहरूलाई सहायता गर्न र खुशी दिन चाहनुहुन्छ।







# येशूको मृत्यु अनि पुनरुत्थान

## येशू किन मारिनुभयो ? यसको वर्णन बाइबलमा दिइएको छ।

सबै मानिसहरू जसले नराम्रो कामहरू गर्दछन् उसले परमेश्वरलाई क्रोधित र दु:खी तुल्याउँदछ। यसैलाई पाप भनिन्छ। यी सबै पापहरूले मानिसहरूलाई परमेश्वरसँगको सङ्गतिदेखि टाढा राख्दछ। अनि यसैको निम्ति येशू आउनुभयो। येशूले हाम्रो पापको सजाय आफैमाथि लिनुभयो। त्यो पापको सजाय मृत्यदण्ड थियो। यसैकारण येशू मारिनुभयो। अब हामी फेरि परमेश्वरसँग मित्रता गाँस्न सक्छौं, तर हामीले हाम्रो पापको क्षमा माग्नपर्छ। येशू मृत्युबाट बौरि उठ्नुभयो। परमेश्वरले उहाँलाई जीवित पार्नुभयो। यसद्वारा परमेश्वरले आफूलाई मृत्यभन्दा शक्तिशाली प्रमाणित गर्नुभयो।

येशू अहिले परमेश्वरसँग हुनुहुन्छ। यसकारण उहाँ हाम्रो मित्र बन्न सक्नुहुन्छ। हामीलाई यस प्रकारको जीवन जिउन सहायता गर्नु पाउँदा परमेश्वर खुशी बन्नुहुन्छ।

## प्रार्थना

यदि तपाईं पापको क्षमा मागेर परमेश्वरसँग मित्रता गाँस्न चाहनुहुन्छ भने तपाईंले यो प्रार्थना गर्न सक्नुहुनेछ: प्यारो परमेश्वर, तपाईंले मलाई प्रेम गर्नुहुन्छ। तपाईंले आफ्नो एकलौते पुत्र येशूलाई हाम्रो पापको निम्ति क्रूसमा मर्न दिनुभयो। मैले गरेका सबै पापहरूको निम्ति मलाई क्षमा गरिदिनुहोस्। येशू मेरो साथमा हुनुभएको लागि तपाईंलाई धन्यवाद।

मलाई तपाईंको इच्छाअनुसारको जीवन जिउन सहायता गर्नुहोस्।
तपाईंले जे प्रतिज्ञा गर्नुहुन्छ त्यो पूरा गर्नुहुन्छ।
मेरो प्रार्थनाको उत्तर दिनुभएको लागि धन्यवाद।

